**सम्वत् २०८२ साल जेठ ०४ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने, उक्त नीति तथा कार्यक्रम कोशी प्रदेश सभाको चालू अधिवेशनमा मिति २०८२/०२/०५ गते दिनको ३:०० बजे सम्बोधन गरी प्रस्तुत गर्न माननीय प्रदेश प्रमुखलाई अनुरोध गर्ने, माननीय प्रदेश प्रमुखबाट प्रदेश सभाको बैठकलाई सम्बोधन गर्नको लागि आवश्यक व्यवस्था मिलाउन प्रदेश सभालाई अनुरोध गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सचिव श्री एकदेव अधिकारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको प्रदेश सचिवको रिक्त पदमा कामकाज गर्न खटाउने।

**सम्वत् २०८२ साल जेठ १२ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः भौतिक पूर्वाधार विकास मन्त्रालय र मातहतका कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने विषयलाई मन्त्रिपरिषद्, राजनैतिक तथा प्रशासन समितिमा छलफल गरी पेश गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः लोक सेवा आयोगको मिति २०८२/०२/०१ गतेको निर्णय अनुसारको पत्रका विषयमा राय लेखी पठाउने।

३. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः कोशी प्रदेश भूमि व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्ने विधेयकको मस्यौदा तर्जुमाका लागि सिद्धान्त स्वीकृति गर्ने।

४. खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालयः घुन्सा खोला जलविद्युत् आयोजनामा कोशी प्रदेश सरकारले पाँच प्रतिशतको सीमा भित्र लगानी गर्ने र सो लगानीको सुनिश्चतता गर्ने।

५. स्वास्थ्य मन्त्रालयः प्रदेश स्वास्थ्य नीति, २०८२ लाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

६. स्वास्थ्य मन्त्रालयः जिल्ला अस्पताल खोटाङलाई ५० शैयाको अस्पतालमा स्तरोन्नति गर्न स्वीकृति प्रदान गर्ने।

७. स्वास्थ्य मन्त्रालयः मनमोहन प्राविधिक विश्वविद्यालयसँगको साझेदारीमा जिल्ला अस्पताल धनकुटामा चिकित्सा शिक्षा अध्यापन गर्ने साझेदारीको विधि (Modality of Partnership), साझेदारीको सम्झौता र मनमोहन प्राविधिक विश्वविद्यालयको सभाबाट उक्त विषयमा भएको निर्णय सहित पुनः मन्त्रिपरिषद् बैठकमा प्रस्ताव पेश गर्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

**सम्वत् २०८२ साल जेठ १९ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरूः**

१. मन्त्रिपरिषद्, राजनैतिक तथा प्रशासन समितिको बैठकबाट परिमार्जन भएको भौतिक पूर्वाधार विकास मन्त्रालय र मातहतका कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने।

२. सामाजिक विकास मन्त्रालयः राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता (जिल्ला तथा प्रदेश स्तरीय विद्यालय खेलकुद प्रतियोगिता) शीर्षकमा रु १,५३,४३,०००।— (एक करोड त्रिपन्न लाख त्रिचालीस हजार रुपैयाँ मात्र) रकमान्तर गर्ने।

**सम्वत् २०८२ साल जेठ २२ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरूः**

१. मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भएको विपद् व्यवस्थापन नियमावली, २०८२ स्वीकृत गर्ने।

२. पर्यटन, वन तथा वातावरण मन्त्रालय: इलाम नगरपालिका वडा नं. ९ का स्थायी बासिन्दा श्री नरेन्द्र बुढाथोकीलाई केचना-कञ्चनजंघा पर्यटन विकास समितिको अध्यक्ष पदमा चार वर्षका लागि नियुक्ति गर्ने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालय: प्रदेश आकस्मिक कोष सम्बन्धी विधेयक मस्यौदा गर्न बनेको अवधारणा पत्रमा सिद्धान्त स्वीकृति प्रदान गर्ने।

४. आन्तरिक मामिला तथा कानुन मन्त्रालय: कोशी प्रदेश विज्ञापन (नियमन गर्ने) निर्देशिका, २०८२ स्वीकृत गर्ने।

५. सामाजिक विकास मन्त्रालय: हलेसी महादेवस्थान विकास समिति (गठन) आदेश, २०८१ को दफा ८ को उपदफा (१२) तथा बृहत्तर वराहक्षेत्र विकास समिति (गठन) आदेश, २०८१ को दफा ८ को उपदफा (१२) बमोजिम अर्को व्यवस्था नभए सम्मको लागि सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशमा कार्यरत वरिष्ठ उपसचिव (अधिकृतस्तर दशौं) श्री दामोदर फुयल (कर्मचारी संकेत नं. १५२२४७) लाई कार्यकारी निर्देशकको रूपमा काम गर्ने गरी खटाउने।

**सम्वत् २०८२ साल जेठ ३१ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय:**

१. आर्थिक मामिला तथा योजना मन्त्रालय: प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८० बमोजिम आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्ताव गर्दा आवश्यकता र औचित्यताको आधारमा आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न सक्ने।



*द्रष्टव्य: निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*